सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मूलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

सूचना नं. १२-२०८३/८४ "संस्कृति, पर्यटन, कृषि र पूर्वाधार: समावेशी सुनकोशी समृद्धिको आधार"

## भ्याक्सिनेटरको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशन मितिः २०८३/०४/१८)

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुङ्गाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन हुने राष्ट्रिय पशुपन्छी खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि २ (दुई) जना भ्याक्सिनेटर नियुक्ति गर्नुपर्ने भएकोले यस सुनकोशी गाउँपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने इच्छुक तथा योग्य पशु प्राविधिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र देहाय बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी पशु सेवा शाखा, सुनकोशी गाउँपालिकामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू**

१. निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्र (ग्रा.प.स्वा.का., TSLC, JT वा JTA उत्तीर्ण गरेको प्रमाणपत्र) को प्रतिलिपि।
४. सम्बन्धित तालिम वा कार्यानुभवको प्रमाणपत्र भएमा सोको प्रतिलिपि।

**नोटः**

१. भ्याक्सिनेटरको नियुक्ति आर्थिक वर्ष २०८३/०८४ को खोप कार्यक्रम सञ्चालन अवधिसम्मका लागि मात्र मान्य हुनेछ।
२. सेवा-सुविधा पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५, खोरेत रोग नियन्त्रण आयोजना कार्यविधि, २०८१ तथा खोप कार्यक्रम सञ्चालनका लागि प्रदेश मन्त्रालयबाट प्राप्त मार्गदर्शन बमोजिम उपलब्ध गराइनेछ।
३. छनोट प्रक्रिया अन्तर्वार्ता मार्फत गरिनेछ।

**थप जानकारीका लागि**

पशु सेवा शाखा, सुनकोशी गाउँपालिका, मूलखर्क, ओखलढुङ्गा।
सम्पर्क नं.: ९८४४३३३१७१, ९८६६८२७५३३

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुङ्गा, कोशी प्रदेश।
श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, विराटनगर, कोशी प्रदेश।